"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा राजपत्र


सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ३) ताप्लेजुङ, प्रदेश नम्वर १, नेपाल, श्रावण ०१ गते २०७८ साल (संख्या ०३


## भाग १

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेशनं. १, नेपाल।

सिरीजङ्घा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन

सम्वत् २०७८ सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ०३

# सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७८

**प्रमाणीकरण मितिः २०७८।०३।३१**

**प्रस्तावनाः** आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहको एकल अधिकार सूची तथा सोको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) को उपखण्ड(१६) मा व्यवस्था भएको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन सम्बन्धी गाउँपालिकाको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गर्न एवम् उल्लिखित व्यवस्थालाई संस्थागत समेत गर्न वाञ्छनीय देखिएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८ साल असार महिनामा सम्पन्न सिरीजङ्घा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङका अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम गठन भएको चिकित्सा शिक्षा आयोगलाई सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङका उपाध्यक्षलाई सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ङ) "शिक्षा अधिकृत" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङका शिक्षा अधिकृतलाई सम्झनु पर्छ र सो शब्दले प्रमुख प्रशासकीय अधिकृतले तोकेको शिक्षा तथा सामाजिक विकास शाखा हेर्ने कर्मचारी समेतलाई सम्झनु पर्छ।

(च) "गाउँपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङलाई सम्झनु पर्छ।

(छ) "कार्यपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ज) "सभा" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङको गाउँ सभालाई सम्झनु पर्छ।

(झ) "वडा" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङको कुनैपनि वडालाई सम्झनु पर्छ।

(ञ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ट) "ऐन" भन्नाले सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७८ लाई सम्झनु पर्छ।

(ठ) "विद्यालय" भन्नाले सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयलाई सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले यस ऐनको दफा १७ मा व्यवस्था भएको छात्रवृत्ति व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## कक्षा ११ र कक्षा १२ निःशुल्क सम्बन्धी व्यवस्था

३. **कक्षा ११ र कक्षा १२ निःशुल्क उपलब्ध गराइने:** (१) कक्षा ११ र कक्षा १२ मा अध्ययन गर्न विद्यालय भर्ना भएका प्रत्येक विद्यार्थीलाई गाउँपालिकाको तर्फबाट निःशुल्क शिक्षा उपलब्ध गराउने गरी देहायमा उल्लिखित शीर्षक वापतको रकम अनुदान स्वरुप सम्बन्धित विद्यालयलाई उपलब्ध गराइनेछः

(क) भर्ना शुल्क,

(ख) रजिष्ट्रेशन र परीक्षा दस्तुर,

(ग) मासिक शुल्क।

(२) समितिको सिफारिसमा उपदफा (१) मा उल्लिखित शीर्षकको दर प्रत्येक वर्ष कार्यपालिकाले निर्धारण गर्नेछ।

## परिच्छेद-३

## पोशाक र स्कुल ब्याग निःशुल्क सम्बन्धी व्यवस्था

४. **पोशाक र स्कुल ब्याग निःशुल्क उपलब्ध गराइने:** (१) विद्यार्थी भर्ना दर अभिवृद्धि गर्न कक्षा १ देखी कक्षा ५ सम्म अध्ययन गर्ने प्रत्येक विद्यार्थीलाई गाउँपालिकाको तर्फबाट निःशुल्क पोशाक र स्कुल ब्याग उपलब्ध गराउन सम्बन्धित विद्यालयलाई अनुदान उपलब्ध गराइनेछ।

(२) प्रत्येक वर्ष समितिको सिफारिसमा पोशाक र स्कुल ब्याग वापत् प्रत्येक विद्यालयलाई उपलब्ध गराइने अनुदान रकम कार्यपालिकाले निर्धारण गर्नेछ।

५. **पोशाक र स्कुल ब्यागको डिजाइन र गुणस्तर तोकिने:** दफा ४ बमोजिम उपलब्ध गराइने पोशाक र स्कुल ब्यागको डिजाइन र गुणस्तर समितिको सिफारिसमा कार्यपालिकाले तोक्नेछ।

६. **स्थानीय उत्पादनलाई पहिलो प्राथमिकता दिनुपर्ने:** दफा ४ बमोजिम निःशुल्क उपलब्ध गराइने पोशाक र स्कुल ब्याग वितरण गर्दा स्थानीय उत्पादनलाई पहिलो प्राथमिकतामा राखी त्यस्ता सामाग्रीहरु प्रचलित सार्वजनिक खरिद ऐन बमोजिम खरिद गर्नुपर्ने व्यवस्था सम्बन्धित विद्यालयले मिलाउनु पर्नेछ।

## परिच्छेद-४

## निःशुल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालन सम्बन्धी व्यवस्था

७. **निःशुल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालन गरिने:** (१) प्रत्येक विद्यार्थीको एस.इ.इ. परीक्षाको नतिजामा गुणस्तर अभिवृद्धि गर्न अंग्रेजी, गणित र विज्ञान विषयमा कम्तीमा दुई महिनासम्म गाउँपालिकाको तर्फबाट निःशुल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ।

(२) उपदफा (१) बमोजिमको कोचिङ कक्षा सञ्चालन गर्न प्रत्येक विद्यालयलाई अनुदान उपलब्ध गराइनेछ।

(३) कोचिङ कक्षा सञ्चालनका लागि विद्यालयलाई उपलब्ध गराइने अनुदान रकमको निर्धारण समितिको सिफारिसमा प्रत्येक वर्ष कार्यपालिकाले गर्नेछ।

## परिच्छेद-५

## उपाध्यक्ष छात्रवृत्ति कार्यक्रम सम्बन्धी व्यवस्था

८. **उपाध्यक्ष छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिने:** (१) गाउँपालिका क्षेत्रभित्रको क्याम्पसमा स्नातक वा सोभन्दा माथिल्लो शिक्षा अध्ययन गर्न भर्ना भएका गाउँपालिका क्षेत्रभित्रका दलित महिला र अपाङ्गता परिचयपत्र प्राप्त सबै विद्यार्थीलाई देहायमा उल्लिखित शीर्षक वापतको रकम अनुदान स्वरुप सम्बन्धित क्याम्पसलाई उपलब्ध गराउने गरी उपाध्यक्ष छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछः

(क) भर्ना शुल्क,

(ख) रजिष्ट्रेशन र परीक्षा दस्तुर,

(ग) मासिक शुल्क।

(२) उपदफा (१) मा उल्लिखित शीर्षकको दर समितिको सिफारिसमा प्रत्येक वर्ष कार्यपालिकाले निर्धारण गर्नेछ।

## परिच्छेद-६

## प्राविधिक छात्रवृत्ति सम्बन्धी व्यवस्था

९. **प्राविधिक विधामा आवास सहितको छात्रवृत्ति उपलब्ध गराइने:** (१) गाउँपालिका क्षेत्रभित्र दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले सबै वडाबाट एक/एकजना विद्यार्थी समावेश हुनेगरी जम्मा आठजना विद्यार्थीलाई प्रत्येक वर्ष प्राविधिक विधा (प्रवीणता प्रमाणपत्र तह वा सो सरह) मा आवास सहितको छात्रवृत्ति उपलब्ध गराइनेछ।

(२) प्रत्येक वडाभित्रका विद्यालयबाट एस.इ.इ. परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने एकजना विद्यार्थीलाई उपदफा (१) बमोजिमको छात्रवृत्ति उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिम सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीले प्राविधिक विधाको छात्रवृत्ति लिन नचाहेमा वडाभित्रको एस.इ.इ. परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने सुचीमा उल्लिखित

योग्यताक्रममा रहेका विद्यार्थीलाई प्राविधिक विधा (प्रवीणता प्रमाणपत्र तह वा सो सरह) छात्रवृत्ति उपलब्ध गराइनेछ।

१०. **कबुलियतनामा गर्नुपर्ने:** यस परिच्छेदमा उल्लिखित प्राविधिक विधा (प्रवीणता प्रमाणपत्र तह वा सो सरह) को छात्रवृत्तिमा छनोट भएको विद्यार्थीले अध्ययन सम्पन्न भए पश्चात् जुन वडाबाट छात्रवृत्ति प्राप्त गरी अध्ययनमा गएको हो सोही वडामा रही कम्तीमा एक वर्षसम्म अनिवार्य सेवा गर्ने गरी गाउँपालिका समक्ष अनुसूची १ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।

११. **शिक्षण संस्थाको छनोट र छात्रवृत्ति वापतको रकम भुक्तानी:**(१) समितिको सिफारिसमा दफा ९ बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई अध्यापन गर्ने शिक्षण संस्थाको छनोट कार्यपालिकाले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षण संस्थामा लाग्ने भर्ना शुल्क, रजिष्ट्रेशन शुल्क, मासिक शुल्क लगायतका शुल्क तथा दस्तुरहरु सम्बन्धित शिक्षण संस्थाको खातामा जम्मा हुनेगरी बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

(३) समितिको सिफारिसमा प्रत्येक वर्ष आवास वापतको रकम कार्यपालिकाले निर्धारण गरी सो रकम सम्बन्धित विद्यार्थीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

## परिच्छेद-७

## एमबिबिएस अध्ययन छात्रवृत्ति सम्बन्धी व्यवस्था

१२. **एमबिबिएस अध्ययन छात्रवृत्ति उपलब्ध गराइने:** (१) आयोगबाट सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा (एमबिबिएस) उत्तीर्ण नतिजाको एकीकृत योग्यताक्रमको सूचीमा समावेश गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने एकजना विद्यार्थीलाई प्रत्येक वर्ष आवास सहितको एमबिबिएस अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

(२) गाउँपालिका क्षेत्रभित्रका दुई वा सोभन्दा बढी विद्यार्थीहरुले उपदफा (१) बमोजिम सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा (एमबिबिएस) उत्तीर्ण गरेमा उत्तीर्ण नतिजाको एकीकृत योग्यताक्रमको सूचीमा माथिल्लो स्थानमा रहेको एकजना विद्यार्थीलाई आवास सहितको एमबिबिएस अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

(३) उपदफा (१) तथा उपदफा (२) बमोजिमको अवस्था गाउँपालिका क्षेत्रभित्र नरहेमा उपदफा (१) बमोजिम सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा (एमबिबिएस) उत्तीर्ण नतिजाको एकीकृत योग्यताक्रमको माथिल्लो सूचीमा समावेश ताप्लेजुङ जिल्लाभित्र बसोबास गर्ने एकजना विद्यार्थीलाई एमबिबिएस अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

१३. **<u>एकीकृत परीक्षा प्रवेश परीक्षा (एमबिबिएस) उत्तीर्ण विद्यार्थीले एमबिबिएस छात्रवृत्ति पाउन आवेदन गर्नुपर्ने:</u>** दफा १२ मा व्यवस्था भए बमोजिमको छात्रवृत्तिमा आवेदन गर्न योग्य विद्यार्थीले एकीकृत प्रवेश परीक्षा (एमबिबिएस) को नतिजा सार्वजनिक भएको मितिले सात दिनभित्र आयोगबाट प्रकाशित एकीकृत योग्यताक्रमको सूची र देहायका कागजात सहित समितिमा आवेदन गर्नु पर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(ख) एस.इ.इ. र सोभन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,

(ग) स्थायी बसोबास खुल्ने कागजातको प्रमाणित प्रतिलिपी,

(घ) समितिले तोकेका अन्य आवश्यक विषयहरु।

१४. **<u>छात्रवृत्ति उपलब्ध गराइने विद्यार्थीको नाम प्रस्ताव गरी आशयको सूचना प्रकाशित गर्नुपर्ने:</u>**

(१) समितिले दफा १३ बमोजिम परेका आवेदन उपर जाँचबुझ गरी छात्रवृत्तिका लागि योग्य देखिएका एकजना विद्यार्थीको नाम प्रस्ताव गरी छात्रवृत्ति उपलब्ध गराउन लागिएको आशय सहितको सात दिने सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाको समयावधिमा समिति समक्ष कही कतैबाट दावी विरोध पर्न आएमा समितिले त्यस्तो दावी विरोध उपर समेत गहन छलफल गरी यस ऐनको दफा १२ बमोजिमको छात्रवृत्तिका लागि योग्य देखिएका एकजना विद्यार्थीको नाम अन्तिम सिफारिस गरी छनोटको निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस भई आएको एकजना विद्यार्थीलाई कार्यपालिकाको निर्णयले एमबिबिएस अध्ययन छात्रवृत्ति उपलब्ध गराइनेछ।

१५. **<u>कबुलियतनामा गर्नुपर्ने:</u>** यस ऐन बमोजिम एमबिबिएस अध्ययन छात्रवृत्तिमा छनोट भएको विद्यार्थीले अध्ययन सम्पन्न भए पश्चात् कम्तीमा दुई वर्षसम्म गाउँपालिकामै रही सेवा गर्ने गरी अध्ययनमा जानु अघि नै अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष कबुलियतनामा गर्नु पर्नेछ।

१६. **<u>छात्रवृत्ति वापतको रकम बैंक खाता मार्फत भुक्तानी गरिने:</u>** (१) यस ऐन बमोजिम एमबिबिएस अध्ययन छात्रवृत्तिमा छनोट हुने विद्यार्थीका लागि सम्बन्धित शिक्षण संस्थामा लाग्ने भनी आयोगबाट निर्धारण गरिएको भर्ना शुल्क, रजिष्ट्रेशन शुल्क, मासिक शुल्क लगायतका शुल्क तथा दस्तुरहरु सम्बन्धित शिक्षण संस्थाको खातामा जम्मा हुनेगरी बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

(२) प्रत्येक वर्ष समितिको सिफारिसमा आवास वापतको रकम कार्यपालिकाले निर्धारण गरी सो रकम सम्बन्धित विद्यार्थीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ।

**<u>द्रष्टव्यः</u>-**

यस परिच्छेदमा उल्लिखित-

**"गाउँपालिका क्षेत्रभित्रको स्थायी बसोबास"** भन्नाले आयोगबाट प्रत्येक वर्ष सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा (एमबिबिएस) को दिनभन्दा कम्तीमा तीन वर्ष अघिदेखी निरन्तर सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङभित्र स्थायीरुपमा बसोबास भएको सम्झनु पर्छ।

**"ताप्लेजुङ जिल्लाभित्रको स्थायी बसोबास"** भन्नाले आयोगबाट प्रत्येक वर्ष सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा (एमबिबिएस) को दिनभन्दा कम्तीमा तीन वर्ष अघिदेखी निरन्तर ताप्लेजुङ जिल्लाभित्र स्थायीरुपमा बसोबास भएको सम्झनु पर्छ।

## परिच्छेद-८

## छात्रवृत्ति व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१७. **छात्रवृत्ति व्यवस्थापन समितिको गठनः** (१) यस ऐन बमोजिम उपलब्ध गराइने निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी कार्यप्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा आवश्यक समन्वय एवम् व्यवस्थापन समेत गर्न गाउँपालिकामा देहाय बमोजिम एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) कार्यपालिका मातहतको सामाजिक विकास समितिका संयोजक | सदस्य |
| (ङ) गाउँपालिका क्षेत्रभित्रका विद्यालय (मा.वि.स्तर) का प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिकाका अध्यक्षले मनोनयन गरेको एकजना | सदस्य |
| (च) गाउँपालिका क्षेत्रभित्रका शिक्षाविद्हरु मध्येबाट कम्तीमा एकजना महिला सहित कार्यपालिकाबाट मनोनित तीनजना | सदस्य |
| (छ) शिक्षा अधिकृत | सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ङ) र खण्ड (च) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनको अन्यत्र दफामा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क)** गाउँपालिका क्षेत्रभित्रको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति सम्बन्धी व्यवस्थालाई दीर्घकालिन र प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने,

**(ख)** गाउँपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकास गर्न भविष्यमा आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्तिको आंकलन गरी स्थानीयस्तरमै त्यस्ता जनशक्ति उत्पादनका लागि नीति तयार गरी कार्यपालिकामा पेश गर्ने।

**(ग)** यस ऐन बमोजिम उपलब्ध गराइएको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको लेखाजोखा गरी सोको प्रतिवेदन वार्षिकरुपमा कार्यपालिकामा पेश गर्ने,

**(घ)** निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा विभिन्न निकायहरुबीच आवश्यक समन्वय गर्ने,

**(ङ)** यस ऐनको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकामा परामर्श उपलब्ध गराउने।

**(च)** निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति सम्बन्धी कार्यपालिकाले तोकेको कार्यहरु गर्ने।

## परिच्छेद-९

## छात्रवृत्ति कोष सम्बन्धी व्यवस्था

१९. **छात्रवृत्ति कोषः** (१) यस ऐनले व्यवस्था गरे बमोजिमको निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति उपलब्ध गराउन एवम् ऐनले परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्न गाउँपालिकामा एउटा छुट्टै छात्रवृत्ति कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः

(क) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि सभा तथा कार्यपालिकाको निर्णय बमोजिम विनियोजित रकम,

(ख) खण्ड (क) बमोजिमको कार्यका लागि दातृ निकाय तथा व्यक्तिबाट स्वेच्छिक रुपमा उपलब्ध गराइने रकम,

(३) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम समितिको सिफारिसमा यस ऐनले परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्न सकिनेछ।

२०. **कोषलाई दिगोपना गरिनेः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भएको गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले विषयक्षेत्रगत बजेट सिलिङ निर्धारण गर्दाका वखत यस ऐन बमोजिम उपलब्ध गराइने निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थापित छात्रवृत्ति कोषमा एक आर्थिक वर्षभरीमा हुनसक्ने

अनुमानित व्ययको विवरण समितिबाट लिई सोही बमोजिम कोषका लागि बजेट सिलिङ कायम गरी कोषलाई दिगोपना कायम गर्नु पर्नेछ।

२१. **कोषको खाता सञ्चालनः** कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको आर्थिक प्रशासन तर्फको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

२२. **कोषको लेखापरीक्षणः** कोषको आय र व्ययको आन्तरिक एवम् अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-१०

## विविध

२३. **दोहोरो पर्ने गरी छात्रवृत्ति उपलब्ध नगराइनेः** यस ऐन बमोजिम उपलब्ध गराइने छात्रवृत्तिको विधामा नेपाल सरकार तथा प्रदेश सरकारको कुनै निकायबाट छात्रवृत्ति प्राप्त गरेको विद्यार्थीलाई दोहोरो पर्ने गरी छात्रवृत्ति उपलब्ध गराइने छैन।

२४. **वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः** समितिले यस ऐनले परिलक्षित गरेको सम्पूर्ण काम कारवाहीका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ र, सो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

२५. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** (१) आर्थिक व्ययभार सिर्जना हुने देखि बाहेक कार्यपालिकाले आफूलाई यस ऐन बमोजिम प्राप्त काम, कर्तव्य र अधिकारमध्ये केही काम, कर्तव्य र अधिकार समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

२६. **बाधा अड्काउ फुकाउन सक्नेः** यस ऐनमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अड्चन आइ परेमा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो द्विविधा वा बाधा/अड्चन फुकाउन सक्नेछ।

२७. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

२८. **नियम, निर्देशिका, मापदण्ड र कार्यविधि बनाउन सक्नेः** यस ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ।

२९. **खारेजी र बचाऊः** (१) कार्यपालिकाबाट जारी निःशुल्क शिक्षा, हामी सबैको इच्छा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिद्वारा भए गरेका काम कारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

<u>अनुसूची १</u>

**सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७८ को दफा ... मा व्यवस्था भएको ........... विधाको छात्रवृत्तिका लागि छनोट भएका ............. निवासी श्री.......................ले सिरीजङ्घा गाउँपालिकासँग गरेको कबुलियतनामा**

ताप्लेजुङ जिल्ला .....................पालिका, ..... नं. वडा निवासी श्री .......................को छोरा/छोरी वर्ष ..... को म श्री ......................... ले सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७८ को दफा ..... मा व्यवस्था भएको .......... विधाको छात्रवृत्तिका लागि छनोट भई श्री ............................ (शिक्षण संस्थाको नाम र ठेगाना) मा मिति २० । । देखी सञ्चालन हुने अध्ययन कार्यक्रममा जान लागेकोले मैले सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७८ को दफा ... अनुसार सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङसँग देहाय बमोजिम यो कबुलियतनामा गरेको छु।

(क) अध्ययन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित मितिभित्र श्री ............................................ ...................................... (शिक्षण संस्थाको नाम र ठेगाना) मा हाजिर हुन जानेछु। अध्ययन अवधिभर शिक्षण संस्थाको नीति, नियमको पूर्णरुपमा पालना गर्नेछु।

(ख) उल्लिखित छात्रवृत्ति कार्यक्रम सञ्चालनका लागि सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी ऐन, २०७८ को पूर्णरुपमा पालना गर्नेछु।

(ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चात् कम्तीमा ... वर्ष सिरीजङ्घा गाउँपालिकामा रही अनिवार्य सेवा गर्नेछु।

(घ) काबुभन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजी कारणले अध्ययन पूरा नगरी बीचैमा छोड्ने छैन। मैले यस अघि कुनैपनि सरकारीस्तरको निकायबाट यही विषयमा छात्रवृत्ति/दोहोरो सुविधा समेत लिएको छैन। अध्ययन पूरा गरे पश्चात् गाँउपालिकाले खटाएको स्थानमा काम गर्नेछु। अध्ययनको अवधिमा विषय परिवर्तन गर्ने छैन।

(ङ) माथि उल्लिखित व्यवस्था एवम् ऐनमा भएको व्यवस्था विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा सिरीजङ्घा गाउँपालिकाले छात्रवृत्तिको रुपमा ममाथि गरेको सम्पूर्ण लगानी रकम तथा सोमा सिरीजङ्घा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गर्नका लागि मञ्जुर हुनेछु।

(च) यस कबुलियतनामा उल्लिखित विषयका अतिरिक्त अन्य विषयका हकमा छात्रवृत्ति व्यवस्थापन समिति एवम् सिरीजङ्घा गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयनमा मञ्जुर हुनेछु।

| <u>कबुलियतनामा गराउने अधिकारीको</u>- | <u>कबुलियतनामा गर्ने विद्यार्थीको</u>- |
|---|---|
| नाम, थरः श्री | नाम, थरः श्री |
| हस्ताक्षरः | हस्ताक्षरः |
| दर्जाः प्रमुख प्रशासकीय अधिकृत, सिरीजङ्घा गाउँपालिका। | ठेगानाः |

<u>रोहबरमा बस्ने</u>-

सम्बन्धित वडाका जनप्रतिनिधि नाम, थरः श्री

विद्यार्थीको अभिभावकको नाम, थर र ठेगानाः श्री

शिक्षा अधिकृतको नाम, थरः श्री

**मितिः २० । ।**

**आज्ञाले,**
**श्री सन्तोष घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**